# नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
## मासिक कार्यसम्पादन पत्र

**महिना : अप्रिल** **वर्ष : ५** **अंक : ४**

### १.नमूना बाल नगर सभा सफलतापूर्वक सम्पन्नः

सूर्यविनायक नगरपालिकाको आयोजना र कन्सोर्टियम-नेपालको सह-



आयोजनाका साथै सिविस नेपाल र नगर स्तरीय बाल सञ्जालको सहकार्यमा यहि वैशाख ६-९ सम्म सूर्यविनायक नगरपालिका स्थित नमूना बाल नगर सभा सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रमको पहिलो दुई दिनको अवधीमा बालबालिकाहरूलाई बाल अधिकार, बाल क्लब र अर्थपूर्ण बाल सहभागिता, राज्यका तीन तह र स्थानीय तहको बारेमा अभिमुखीकरण गरिएको थियो । साथै, सुर्यबिनायक नगरपालिकाका विधायन समिती संयोजकको सहजिकरणमा नगर सभाको गठन, काम, कर्तव्य र कार्यप्रणालीका बारेमा साथै विधायन समिती लगायत विभिन्न समितीका बारेमा जानकारी प्रदान



गरिएको थियो । विषयगत सत्रको अन्त्यमा नमूना नगर प्रमुख, उपप्रमुखको निर्वाचनसँगै वडा अध्यक्षहरुको चयन भएको थियो । कार्यक्रममा बालबालिकाहरूले नगर सभाका भूमिकाहरू अभ्यास गर्दै नगर सभाको अभ्यासमा सक्रिय रूपमा संलग्न भएकाथिए ।

कार्यक्रमको अन्तिम दिनमा सुर्यविनायक नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्ष र सदस्यहरु, नगर स्तरीय बालसञ्जाल अध्यक्ष लगायतको उपस्थितीमा नमुना नगर सभा अभ्यासको प्रस्तुति गरिएको थियो । सुर्यविनायक नगरपालिकाका प्रमुख बाशुदेव थापा र उपप्रमुख सरीता तिम्सिनाले नमुना नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतलाई स्टेजमा बोलाई स्वागत तथा बधाई दिदै यस्ता कार्यक्रमले बालसहभागिता प्रवर्द्धन गर्ने र नमुना बजेटमा समावेश विषयवस्तुलाई नगरपालिकाको योजना तर्जुमामा समावेश गर्ने एक्यवद्धता जनाउनुभयो ।



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

## २. राष्ट्रिय बाल पैरवी परिषद् पुनर्गठन, संयोजकमा कृष्ण साहः



राष्ट्रिय बाल पैरवी परिषद्को पुनर्गठन, क्षमता अभिवृद्धि तथा रणनीतिक कार्ययोजना निर्माणसम्बन्धी तीन दिने कार्यक्रम ललितपुरस्थित झरुवारासिमा सम्पन्न भएको छ । १९ देखि २१ अप्रिलसम्म सञ्चालन भएको कार्यक्रममा १९ जना बाल पैरवीकर्ताहरूको सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्य बाल पैरवीकर्ताहरुलाई सुदृढ बनाउँदै बाल अधिकार प्रवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम बनाउनु रहेको थियो । तेस्रो कार्यकालका लागि गठन गरिएको यस समूहको कार्यकाल दुई वर्षको हुनेछ ।

पहिलो दिनः बाल अधिकार, सामाजिक मुद्दा र पैरवीमा केन्द्रित,

कार्यक्रमको पहिलो दिन सहभागीहरूबीच परिचय, समूहगत अभ्यास र कार्यक्रमको उद्देश्यबारे जानकारी आदान-प्रदान गरिएको थियो ।

कन्सोर्टियम नेपालका अध्यक्ष प्रदीप लामिछानेले कार्यक्रमको उद्घाटन गर्दै बाल सहभागिताको महत्वबारे प्रकाश पारेका थिए ।

यस दिन विभिन्न विज्ञहरूले बाल अधिकारसम्बन्धी सत्र सञ्चालन गरेका थिए । बाल अधिकार अभियन्ता मोहन दँगालले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि (UNCRC), नेपालको संविधान तथा बालबालिका सम्बन्धी ऐन २०७५ का प्रमुख प्रावधानबारे जानकारी दिए

सेभ द चिल्ड्रेन बाट आयुष जोशीले सामाजिक कुसंस्कार, विभेद तथा डिजिटल अधिकारका विषयमा छलफल गराएका थिए भने बाल अधिकार अभियन्ता मिलन धरेलले पैरवी, सरोकारवालासँगको सहकार्य र नेतृत्व विकासका विषयमा छलफल गराएका थिए ।

त्यस्तै राष्ट्रिय बाल अधिकार परिषद्बाट रामबहादुर चन्दले बाल क्लब तथा सरकारी संरचनाको भूमिकाबारे जानकारी गराउँदै बाल सहभागितालाई सुदृढ बनाउने उपायहरू प्रस्तुत गरे । त्यस्तै, बाल अधिकार अभियन्ता चन्द्रिका खतिवडाले बाल-नेतृत्वमा अनुसन्धान (Child–led Research) सम्बन्धी आधारभूत ज्ञान तथा व्यवहारिक अभ्यासबारे समुहकार्य गराउनुभयो ।


कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

दोस्रो दिन: राष्ट्रिय बाल पैरवी परिषद्को संरचना र सञ्चार सीप विकासमा जोड

दोस्रो दिन कन्सोर्टियम नेपालका गौरव के.सी.ले राष्ट्रिय बाल पैरवी परिषद्को को अवधारणा, संरचना, सदस्यहरूको भूमिका तथा आचारसंहिताबारे विस्तृत जानकारी दिए। साथै, अभ्यास (role play) मार्फत सहभागीहरूको पैरवी क्षमता माथि थप छलफल गरिएको थियो।

कन्सोर्टियम नेपालको कार्यसमिति सदस्थ मन्दिरा श्रेष्ठले सञ्चार तथा मिडिया सीपबारे प्रशिक्षण दिँदै प्रभावकारी प्रस्तुति, आत्मविश्वास र सरोकारवालासँग संवाद गर्ने तरिकाबारे जानकारी गराईएको थियो। साथै, अर्जुन श्रेष्ठले डिजिटल माध्यमको सुरक्षित प्रयोगबारे सहजीकरण गरेका थिए।

त्यस्तै दोस्रो दिनको सत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव दुर्गा प्रसाद चालिसेले बालबालिका सम्बन्धी ऐन २०७५ को संशोधन प्रक्रियामा बालबालिकाको भूमिका र सिफारिसको महत्वबारे जानकारी दिएका थिए। सहभागीहरूले शिक्षा, बाल सहभागिता, संरक्षण, डिजिटल सुरक्षा लगायत विषयमा आफ्ना सुझाव प्रस्तुत गरेका थिए।

तेस्रो दिन: रणनीतिक योजना र नेतृत्व विकास



तेस्रो दिन SWOT विश्लेषणमार्फत बाल-नेतृत्वमा पैरवीका अवसर र चुनौतीहरूको विश्लेषण गरिएको थियो। गौरव के.सी.ले सहजीकरण गरेको यस सत्रले सहभागीहरूलाई रणनीतिक सोच विकास गर्न सहयोग पुऱ्याएको थियो।

हामी दाजुभाई संस्थाबाट हसिना श्रेष्ठले लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट बाल-नेतृत्वमा अभियान सञ्चालन गर्ने तरिकाबारे प्रशिक्षण दिइन्। पूर्व परिषद् सदस्य अशुतोष कार्कीले आफ्ना अनुभवहरू प्रस्तुत गर्दै सहभागीहरूलाई प्रेरित गरेका थिए।

सेभ द चिल्ड्रेनबाट डिलबहादुर ऐरले कार्ययोजना निर्माण सत्र सञ्चालन गर्दै प्रादेशिक प्राथमिकताका आधारमा समस्या पहिचान र समाधानका उपायहरू तय गराए। अन्त्यमा सन्तोष महर्जनले नेतृत्व विकाससम्बन्धी



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं

०१–४७९१३२७ participation.consortium@gmail.com, Consortium Nepal

गतिविधिमूलक सत्र सञ्चालन गरेका थिए ।

त्यस्तै कार्यशालाको अन्त्यमा बाल पैरवीकर्ताहरुबाट समूहको संयोजक र सह-संयोजक पनि चयन गरिएको थियो जस अन्तर्गत संयोजकमा कृष्ण साह र सह-संयोजकमा पुजा चन्द चयन भएका थिए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिव तथा बालबालिका सम्बन्धी ऐन, २०७५ संशोधन कार्यदलका संयोजकसमक्ष कन्सोर्टियम नेपालले बाल सहभागिता सुदृढीकरण तथा ऐनको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा आफ्ना सुझावहरू पेश गरेको छ ।



अपिल

DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल)**
**CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM NEPAL)**

**अपील**

रोल्पा जिल्लाको गंगादेव गाउँपालिका-५, स्थित ११ वर्षीय बालक खगेन्द्र बिकमाथि भएको निर्घात कुटपिट तथा उनलाई उद्धार गर्न गएका गोपाल बिकमाथि धारिलो हतियार प्रयोग गरी घाईते गरिएको भनि विभिन्न सञ्चार माध्यममा आएको खबर प्रति कन्सोर्टियम-नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । यो घटना हाम्रो समाजमा अझै विद्यमान जातीय विभेद, सामाजिक अन्याय र बाल अधिकारको घोर उल्लंघनको ज्वलन्त उदाहरण हो । एक नाबालकलाई घरभित्र थुनेर कुटपिट गर्नु र उद्धारमा खटिएका व्यक्तिमाथि खुकुरी प्रहार गर्नु जघन्य अपराध हो, जसलाई कुनै पनि हालतमा सामान्यीकरण गर्न सकिँदैन ।

बालबालिकामाथी भएको भेदभावरहित र शारिरीक यातनारिहत वातावरणमा हुर्कन पाउने अधिकारको समेत ख्याल नगरी यस्तो संवेदनशील विषयमा 'मिलापत्र' वा 'खर्च व्यवस्थापन' जस्ता कुरामा पनि छलफल भैराखेको बन्ने बारे आएको खबरहरुको घोर भर्सना गर्दछौं, यस्तो अवस्था आउनु न्यायको मर्मविपरीत हुनुका साथै पीडितमाथि थप अन्याय हो । अतः कन्सोर्टियम-नेपाल निम्न मागहरू सम्बोधन गर्न सम्बन्धित निकायहरूसँग जोडदार अपील गर्दछौ :

१. घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीमाथि प्रचलित कानुनअनुसार कडा कारबाही गरियोस्

२. पीडित बालक र घाइतेलाई उपचार, मनोसामाजिक सहयोग तथा क्षतिपूर्ति सुनिश्चित गरियोस् ।

३. स्थानीय तहका जनप्रतिनिधि र सरोकारवालाहरूले जिम्मेवार, संवेदनशील र अधिकारमा आधारित दृष्टिकोण अपनाउँदै न्याय सुनिश्चित गर्न अग्रसरता देखाओस् ।

कुनै पनि बालबालिकाले आफ्नै समुदायमा विभेदको सामना गर्न नपरोस् भन्ने सुनिश्चित गर्नु हाम्रो साझा दायित्व हो । हामी सबै सरोकारवाला निकाय, नागरिक समाज, सञ्चार माध्यम तथा मानव अधिकारकर्मीहरूलाई यस घटनामा ऐक्यबद्धता जनाउँदै पीडितको पक्षमा उभिन र न्याय सुनिश्चितताका लागि पहल गर्न हार्दिक आह्वान गर्दछौं ।

**प्रदिप कुमार लामिछाने**
अध्यक्ष

१६ वैशाख २०८३

**दुर्गाराज पौडेल**
महासचिव

बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म
Consortium-Nepal Secretariat, PragatiMarga, Sankhamul, Kathmandu-10, Kathmandu, Nepal
Phone No: +977-1-4791327, E:Mail: participation.consortium@gmail.com, URL: www.consortium.org.np

# नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
## मासिक कार्यसम्पादन पत्र

### कन्सोर्टियम नेपालले अप्रिल २०२६ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | Training on Child Rights Programming | Save The Children |
| २ | Training on Project Cycle Management and M and E | GSIF |
| ३. | Training on Child Participation and Child Protection, UN Reporting Mechanism | GSIF |
| ४. | बालबालिका सम्बन्धी ऐन २०७५ को प्रस्तावित विधेयक उपर छलफल | राष्ट्रिय बाल अधिकार परिषद् |
| ५ | सरकारको नीति, कार्यक्रम र बजेटमा बालबालिकाको सवाल, छलफल कार्यक्रम | CZOP |
| ६ | बालकहरुप्रति हुने यौन हिंसा अन्त्यका लागि छलफल | Voice of Children |
| ७. | शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह, समन्वय तथा तयारी बैठक | NCE |

### नयाँ वर्षको शुभकामना






कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal